# रामगोपालपुर नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : ७ रामगोपालपुर नगरपालिका, रामगोपालपुर महोत्तरी भाद्र २३ गते २०७९ साल संख्या : २

भाग-२

रामगोपालपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) र रामगोपालपुर नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०७९ लाई नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**रामगोपालपुर नगरपालिकाको**

# आर्थिक सहायता कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७९।०५।२२ गते
सम्बत २०७९ सालको कार्यविधि नं. :- २

CamScanner

# आर्थिक सहायता कार्यविधि, २०७९

***प्रस्तावना :***

रामगोपालपुर नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई अपेक्षित परिणाम हासिल गर्न, तथा रामगोपालपुर नगरपालिका कोषको सदुपयोग तथा परिचालन गर्न र सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी रामगोपालपुर नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

*१)* ***संक्षिप्त नाम र प्रारम्भ :***

यस कार्यविधिको नाम रामगोपालपुर नगरपालिका आर्थिक सहायता वितरण कार्यविधि, २०७९ रहनेछ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

*२)* ***परिभाषा :***

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कार्यविधिमा,

क) **"आर्थिक सहायता"** भन्नाले कुनै पनि किसिमको दैनिक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ ।

ख) **"दैवि विपत्ति"** भन्नाले भुकम्प, बाढी, पहिरो, चट्यागं, हुरी, बतास, असिना, शितलहर, तातो हावाको लहर जस्ता प्रकोप भन्ने बुझाउँछ ।

ग) **"मानवीय विपत्ती"** भन्नाले मानिसका कारणबाट भएको आगलगी, माहामारी, हुलदंगा, जल, औद्योगिक दुर्घटना, विषाक्त खाद्य सेवन, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट जस्ता विपत्ति भन्ने बुझाउँछ ।

घ) **"दीर्घ रोग"** भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्वन्धी रोग र एच.आई.भी. एड्स आदि जस्ता रोग बुझाउछ ।

रामदुलार साह
नगर प्रमुख

ङ) "कृया खर्च" भन्नाले यस नगरपालिकाको स्थानीय बासिको मृत्यु भएमा निज मृतक परिवारलाई कृया खर्च वापत राहत सहयोगलाई बुझाउछ ।

च) "छोरी विवाह" भन्नाले यस नगरपालिका भित्रका छोरीहरुको कानुन अनुसार उमेर पुगी विहे भएमा निजको परिवारलाई विहे खर्च वापत राहत सहयोगलाई बुझाउछ ।

## परिच्छेद-२

## सहायता रकम

३) संकटहरु पुर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदा अपनाउँदै समेत संकट आईपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएपनि राहत पुग्ने महशुस गर्दै तपसिल अनुसारको शीर्षकमा तपसिल अनुसारको आर्थिक सहायता नगर प्रमुखको आदेश बमोजिम रु.५ हजार देखि २५ हजार सम्म नगद वा जिन्सी मालसामान प्रदान गरिनेछ । सोभन्दा बढी रु. १ लाख सम्मको आर्थिक सहायता कार्यपालिका बैठकको निर्णय अनुसार प्रदान गर्न सकिनेछ ।

*क) मृत्यु भएका मृतकका परिवारका लागी तत्काल राहत पुग्ने गरी :*

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| आगलगी | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| दुर्घटना (करेन्ट, चट्यांग, साधन तथा औजारबाट) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| रुख, खोलानाला भीरपहिरो आदि | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| दैवी प्राकृतिक विपत्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| वेवारिसे मानिस (बाहिरवाट आएको वा न.पा. भित्रको ठाउँ ठेगाना खुल्ने गरी वारि गएर मरेको) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| रामगोपालपुर न.पा. क्षेत्रभित्रको वैदेशिक रोजगारका क्रममा मृत्यु भएको व्यक्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा वीष परेको) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |
| जनावरबाट क्षति मोनासिव क्षति भए | काज क्रिया खर्च प्रति व्यक्ति रु.१०,०००।- |

**वितरणका आधारहरु :**

क) प्रहरी सर्जमिन मुचुल्का

रामदुलार साह
नगर प्रमुख

CamScanner

ख)    प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र

ग)    निवेदन

घ)    सम्भव भए सम्म तस्वीर (फोटो)

## *ख)    घाईते तथा उपचारको क्रममा रहेको :*

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| जनावर आतंक | बढीमा रु.२५,०००।- |
| आगलगी | बढीमा रु.२५,०००।- |
| बाढी पहिरो | बढीमा रु.२५,०००।- |
| हुरी बतास | बढीमा रु.२५,०००।- |
| चट्याङ | बढीमा रु.२५,०००।- |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | बढीमा रु.२५,०००।- |

**वितरणका आधारहरु :**

क)    विरामी दर्ता पुर्जा (prescription)

ख)    प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र

ग)    सम्वन्धीत विरामी वा संरक्षकको निवेदन

## *ग)    गम्भीर प्रकृतिक रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने) :*

| रोगको प्रकारहरु | सहायता गर्न सकिने रकम |
|---|---|
| क्यान्सर | बढीमा रु.२५,०००।- |
| मृगौला | बढीमा रु.२५,०००।- |
| मुटु | बढीमा रु.२५,०००।- |
| एच.आई.भी.एड्स | बढीमा रु.२५,०००।- |
| दम | बढीमा रु.२५,०००।- |
| मधुमेह | बढीमा रु.२५,०००।- |
| उच्चरक्तचाप | बढीमा रु.२५,०००।- |

रामदुलार साह
नगर प्रमुख

| | |
|---|---|
| पत्थरी | बढीमा रु.२५,०००।- |
| छाला तथा नसा रोगी | बढीमा रु.२५,०००।- |

**वितरणका आधारहरु :**

क) बिरामी दर्ता पूजा (Prescription)

ख) प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस

ग) सम्बन्धीत बिरामी वा संरक्षकको निवेदन

४) माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जुनसुकै विषयहरु आएमा वा नगर प्रमुखलाई मोनासिब लागेमा नगर प्रमुखको आदेशबाट रु.२५,०००।- (पच्चिस हजार) सम्म भुक्तानी दिन सकिनेछ।

५) यस न.पा.को स्थानीयवासीहरु आवश्यकता र औचित्यको आधारमा नगर प्रमुख वा नगर उपप्रमुख ज्यूको आदेशमा राहत सहयोग उपलब्ध गराईनेछ।

| विवरण | रकम |
|---|---|
| कृया खर्च | रु.१०,०००।- |
| छोरी विवाह | रु.२५,०००।- |
| छोरीको विवाह (१२ कक्षा उत्तिर्ण) | रु.३०,०००।- |
| छोरीको विवाह (स्नातक उत्तिर्ण) | रु.५१,०००।- |

६) विभिन्न धार्मिक कार्यक्रम (धार्मिक, सांस्कृति, पर्व, पुर्जा, किर्तन, सांस्कृतिक कार्यक्रम) लगायतका कार्यक्रमहरुमा यस न.पा.को कार्यपालिका (बोर्ड) वैठकको निर्णय अनुसार बढीमा रकम रु.१,००,०००।- (एक लाख सम्म) आर्थिक सहयोग गर्न सकिनेछ।

७) नगरको सामाजिक, आर्थिक, राजनैतिक, साहित्य, सांस्कृतिक कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको कोषको अवस्था हेरी एक पटकको लागी बढीमा रु.२५,०००।- (पच्चिस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

८) नगरपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउदा वा फर्किदा कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना भई बिरामी भएमा, घाईते भएमा निज वा निजको हकवालालाई बढीमा रु.५०,०००।- र मृत्यु भएमा निजको हकवालालाई बढीमा रु.५,००,०००।- (पांच लाख) रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछन।
कार्यविधिको यस दफा ८ बमोजिम उपलब्ध गराईने आर्थिक सहायताको निर्णय कार्यपालिककाबाट निर्णय गरी उपलब्ध गराईनेछ।

रामदुलार साह
नगर प्रमुख

## परिच्छेद-३

## समयावधि

९) विपद्ले जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा पारेको प्रतिकुल असर/ प्रभावहरुलाई कम गर्न र दैनिक जीवनयापनमा केही हदसम्म सहजता ल्याउन नियमानुसार राहत रकम निवेदन् प्राप्त भएको मितिले विशेष परिस्थिती बाहेक १५ दिनभित्र सम्बन्धीत पीडितलाई उपलब्ध गराईनेछ ।

## परिच्छेद-४

## विविध

१०) यो कार्यविधिको कुनै दफाहरु संघिय, प्रदेश कानुनसंग बाझिएमा उक्त दफा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

११) यस अघि प्रदान गरिएको आर्थिक सहायता यसै कानुन बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणित गर्ने :**

रामदुलार साह

नगर प्रमुख

रामदुलार साह

नगर प्रमुख